## ३.२ कानून तथा समुदाय परिचालन शाखा र शाखा प्रमुखको काम

यस शाखाका प्रमुखले महाशाखा प्रमुख प्रति उत्तरदायी भई निम्न लिखित कार्यहरु आफू र आफू मातहतका कर्मचारीहरुद्वारा प्रभावकारी रुपमा र्यान्वयन गर्नु गराउनु पर्नेछ ।

- नगरभीत्र शिक्षा विकास तथा समुदाय परिचालनको कामको रणनीति तर्जुमा गरी महाशाखा प्रमुख समक्ष पेश गर्ने ।
- अन्य शाखाहरुसंग समन्वय गरी समुदाय परिचालनको क्षेत्र पहिचान गर्ने ।
- नगरमा संचालन हुने विभिन्न निर्माण, जनस्वास्थ्य, शिक्षा, जनचेतना अभिवृद्धि तथा सरसफाइ तथा वातावरण संरक्षण जस्ता काममा अन्य शाखासंग समन्वय गरी समुदाय परिचालन गर्ने गराउने ।
- नगरभीत्रका पूर्व प्राथमिक तथा प्राथमिक विद्यालयहरुको संचालनमा शिक्षा कार्यालयसंग समन्वय गरी कार्य गर्ने ।
- नगरभीत्रका नीम्न माध्यमिक, माध्यमिक तथा उच्च माध्यमिक विद्यालयको विकासका लागि आवश्यक पहल गर्ने ।
- नगरभीत्र संचालन भएका र हुने कलेज तथा विश्वविद्यालयसंग समन्वय गरी शैक्षिक विकास सम्वन्धि कार्य गर्ने ।
- कानूनको प्रकृया पुरा गरी नपाले दिने सिफारिसहरु समयमै प्रदान गर्ने ।
- वारुणयन्त्र चालु हालतमा राखी सुसंचालन तथा व्यवस्थापन गर्ने ।
- नगर प्रहरीको परिचालन तथा समन्वय गर्ने ।
- नगरमा संचालित शिक्षा सम्वन्धि कार्यको संयोजन गर्ने ।
- नगर स्तरिय पुस्तकालय संचालन गर्ने गराउने ।
- नगरपालिकाको सूचना सम्प्रेषण तथा जनसंपर्कको कार्य गर्ने गराउने ।
- सामाजिक समावेशीकरण सम्वन्धि कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।
- विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसंग समन्वय गरी वातावरण संरक्षण, जनस्वास्थ्य, शिक्षा, सामाजिक स्तर विकास जस्ता सामुदायिक विकास कार्यक्रम संचालन गर्ने गराउने ।
- महिला विकाससंग सम्वद्ध निकायसंग समन्वय गरी कार्यक्रम संचालन गर्ने गराउने ।
- कमजोर आर्थिक अवस्था भएका वर्गकालागि आय वृद्धि, स्वरोजगार आदि कार्यक्रम संचालन गर्ने गराउने ।
- जनस्वास्थ्य सम्वन्धि जनचेतना जगाउने कार्यक्रम संचालन गर्ने गराउने ।
- परिवार नियोजन, मातृशिशु, परिवार स्वास्थ्य, खोप जस्ता परिवार स्वास्थ्य कार्यक्रम संचालन गर्ने गराउने ।
- महिला स्वयंसेविका परिचालन गर्ने ।
- नसालु पदार्थ सेवन, मध्यपान, धुम्रपान, जुवा जस्ता कुलत आदि दुर्व्यसनवाट वचाउन सामाजिक चेतना कार्यक्रम संचालन गर्ने गराउने ।
- सामाजिक सुरक्षा सम्वन्धि कार्य गर्ने गराउने ।

- जेष्ठ नागरिकहरुको सञ्जाल वा जेष्ठ नागरिक समुदायसंग समन्वय गरी उनीहरुका अनुभव आदानप्रदान गर्ने तथा उनीहरुका हीतका कार्यक्रम संचालन गर्ने गराउने ।
- अपाङ्गहरुको क्षमता विकास गरी जीवन धान्न सक्ने तुल्याउन विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।
- विभिन्न जाती, भाषा, संस्कृतिको सम्मान अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने गराउने ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धि काममा स्थानीय पञ्जिकाधिकारीलाइ आवश्यक सहयोग उपलब्ध गराइ व्यक्तिगत घटना दर्ताको काम प्रभावकारी वनाउने ।
- विभिन्न निकायसंग समन्वय गरी नगर स्वास्थ्य सम्बन्धि कार्यक्रम संचालन गर्ने गराउने ।
- नगरपालिकाको वस्तुस्थितिका आधारमा पिछडिएका समुदायको सामाजिक तथा आर्थिक उत्थानकालागि समुदायकै सकृय सहभागितामा विभिन्न सामुदायिक विकास कार्यक्रम संचालन गर्ने गराउने ।
- वातावरणीय शिक्षाको प्रचार गरी जनस्वास्थ्यमाथि परिरहेको प्रतिकुल असरलाई न्यूनीकरण गर्दै लैजाने ।
- अन्तरगत कर्मचारीको कर्मचारी प्रशासन सम्वन्धि कार्य गर्ने ।
- आफ्नो सुपरिवेक्षक र का का अ ले वेला वेलामा दिने निर्देशनहरु पालना गर्ने ।
- महाशाखा प्रमुखको निर्देशनमा भैपरी आउने तथा अन्य काम गर्ने ।